# MDAC तथा बेरूजु फछ्र्यौंट सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न प्रतिवेदन



## प्रतिवेदक

भौतिक पूर्वाधार विकास मन्त्रालय

## आर्थिक प्रशासन शाखा

हेटौंडा, मकवानपुर

मिति २०८२/०९/१८ गते


# १ . पृष्ठभूमि

भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका कार्यालयहरुमा देखिएका प्राविधिक, प्रशासनिक वा कार्यक्रम तथा योजना कार्यान्वयन सम्बन्धी समस्याहरूलाई पहिचान गरी छिटो छरितो समाधान गर्ने उद्देश्यले गठित अन्तर-कार्यालय/समन्वयात्मक समिति हो। यो सरकारी निकाय स्तरमा समस्या समाधान तथा योजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न बैठक बस्दछ ।

MDAC गोष्ठीको मुख्य उद्धेश्य मन्त्रालय वा सम्बद्ध निकायमा देखा परेका विकास/प्रशासनिक अवरोध र चुनौतीहरूलाई पहिचान गर्नु, समस्याका कारण र सम्भावित समाधानबारे समिति बैठकमा छलफल गर्नु, समाधानका लागि निर्देशन दिनु, निर्णय लिनु र माथिल्लो प्रशासन/सम्बन्धित निकायमा सिफारिस/अनुरोध गर्नु तथा बैठकले लिएका निर्णय/निर्देशनको अनुगमन वा प्रगति समीक्षा गर्नु हो। मन्त्रालयहरुबीच समन्वय गराई कार्यक्रममा दक्षता, प्रभावकारीता, मितव्ययीता, सक्षमता समेत कायम हुने । प्रशासनिक प्रक्रियाहरू सरल र सहज हुने ।बजेट / कार्यक्रम लक्ष्य समयमै पूरा गर्ने समाधान उपाय अघि लगाउन MDAC गोष्ठीको मुख्य आवश्यकता पर्दछ ।

प्रदेश अन्तर्गत सञ्चालन भइरहेका विकास योजना तथा आयोजनाहरूमा देखिएका समस्या, अवरोध र विवादहरूको समाधान गर्नु, सम्बन्धित मन्त्रालय तथा निकायहरूबीच समन्वय कायम गर्नु र विकास कार्यहरूलाई समयमै, प्रभावकारी र गुणस्तरीय रूपमा सम्पन्न गराउन प्रदेशस्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० बमोजिम MDAC/PDAC को गठन, संरचना, कर्तव्य र अधिकार वर्णन गरिएको छ, जसले मन्त्रालयका सदस्यहरू मिलेर समिति बनाउने, योजना तथा कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्ने र समस्या समाधानका उपाय सुझाउने व्यवस्था गरेको छ ।

वेरुजू भन्नाले प्रचलित कानुनबमोजिम पुर्याउनुपर्ने रीत नपुर्‍याई कारोवार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा वेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहर्‍याइएको कारोबार सम्झनुपर्छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा बेरुजूलाई असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की समेत ३ वर्गमा वर्गीकरण गरिएको छ। यो निर्देशिका प्रारम्भ भएपछि लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको व्यहोराहरूलाई सैद्धान्तिक बेरुजू र लगती बेरुजू गरी मूलतः २ वर्गमा र लगती बेरुजूलाई पनि बेरुजूको प्रकृतिअनुसार देहायबमोजिम असुल गर्नुपर्ने, अनियमित भएको, प्रमाण कागजात पेश नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको, कर्मचारी पेश्की र अन्य पेश्कीमा वर्गीकरण गरिएको छ ।




आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८ बमोजिम बेरुजुको लगत राख्दा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औंल्याईएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बझाउनुपर्ने भनी ठहर्याईएको बेरुजुको लगत कार्यालयस्तरमा राख्नुपर्ने उपदफा १ मा भएको व्यवस्था अनुसार लेखा उत्तरदायी अधिकृतले दफा ३३ को उपदफा (८) बमोजिम फछ्यौंट तथा सम्परीक्षण भएको आन्तरिक लेखापरीक्षणको बेरूजु तथा दफा ३९ बमोजिम फछ्यौंट तथा दफा ४० बमोजिम फछ्यौंट तथा फरफारख भएको अन्तिम लेखापरीक्षणको बेरुजुको लगतमा अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा समेत परीक्षण गर्नु गराउनु पर्नेछ।

बेरुजु फछ्यौंट भनेको लेखापरीक्षणका क्रममा देखिएका खर्चसम्बन्धी त्रुटि, अनियमितता, नियमविपरीत खर्च वा अपूरा कागजातका कारण उठेका प्रश्नलाई आवश्यक प्रमाण पेश गरेर, हिसाबकिताब सच्याएर वा गलत रूपमा खर्च भएको रकम असुल गरी कानुन तथा प्रचलित नियमअनुसार समाधान गर्ने प्रक्रिया हो। यस प्रक्रियामार्फत मन्त्रालको वित्तीय अनुशासन कायम गरिन्छ र बेरुजु समाप्त (क्लोज) गरिन्छ।

यसले वित्तीय पारदर्शिता कायम राख्छ र असुली नभएको रकम स्पष्ट देखाउँछ।फछ्यौंटले लेखा व्यवस्थापन सुधार गर्न मद्दत गर्दछ, किनकि पुरानो वा असुली नभएको ऋण लेखाबाट हटाइन्छ । यसले भविष्यमा सरकारी नीति निर्माणमा सहयोग पुर्‍याउँछ; फछ्यौंट गरिएका ऋण/भुक्तानीको अध्ययनले अनावश्यक ऋण वा भुक्तानी कम गर्ने उपाय तय गर्न सजिलो बनाउँछ। फछ्यौंट मार्फत मन्त्रालयको उत्तरदायित्व र नियम पालना प्रभावकारी रुपमा हुनेगर्दछ। अन्ततः, फछ्यौंट भएपछि सरकारले त्यस रकमलाई विकास कार्यक्रम वा नयाँ योजनामा लगानी गर्न सक्छ, जसले स्रोतको प्रभावकारी प्रयोग सुनिश्चित गर्छ। यसरी, बेरुजु फछ्यौंटले वित्तीय स्पष्टता, लेखा व्यवस्थापन, नीति सुधार र स्रोतको सदुपयोगमा महत्वपूर्ण भूमिका खेल्दछ।

बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तगतका निकायहरुमा देखिएको विकास योजना तथा आयोजनाहरूको समस्या, अवरोध र विवादहरूको समाधान गर्नु, निकायहरूबीच समन्वय कायम गर्नु र विकास निर्माण कार्यहरूलाई समयमै, प्रभावकारी र गुणस्तरीय तथा आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहितासंग सम्बन्धित विषयहरुलाई सुदृढ गर्न प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) तथा बेरुजु फछ्यौंट प्रकृयालाई प्रभावकारी बनाउने उद्वेश्यले २ दिन ( पहिलो सत्र -उद्घाटन र MDAC छलफल, दोस्रो सत्र- बेरुजु फछ्यौंट) गोष्ठी संचालन  गरिएको थियो ।

## २. कार्यक्रमको नाम

MDAC तथा बेरुजु फछ्र्यौट सम्बन्धी कार्यशाला गोष्ठी

## ३. कार्यक्रमको उद्देश्य

MDAC तथा बेरुजु फछ्र्यौट सम्बन्धी कार्यशालावाट देहाए बमोजिमको उद्देश्य प्राप्त हुने अपेक्षा गरिएको छ :-

- प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान सम्बन्धका विषयवस्तु तथा अवधारणाको समग्र ज्ञान अभिवृद्धि गर्नु,
- आयोजना कार्यान्वयनका अवस्थाबारे जानकारी गराउनु,
- मन्त्रालयको आ.व. २०८२/८३ को २०८२ पौष १०गतेसम्मको भौतिक उपलब्धिलाई सम्बोधन गर्दै भावि कार्ययोजनाको स्पष्ट मार्गदर्शन गर्नु,
- रुग्ण आयोजनाहरुको हालको अवस्थाबारे जानकारी गराउनु,
- बेरुजु, बेरुजु फछ्र्यौट तथा सम्परीक्षण सम्बन्धी विषयवस्तु तथा अवधारणाको समग्र ज्ञान अभिवृद्धि गर्नु,
- बेरुजु व्यवस्थापन प्रणाली संचालन सम्बन्धी क्षमता अभिबृद्धि गर्नु,
- बेरुजु फछ्र्यौट तथा सम्परीक्षण प्रकृयाबारे जानकारी गराउनु,
- मन्त्रालय तथा अन्तर्गतका निकायको बेरुजु विवरणलाइ एकीकृत गरी बेरुजु फछ्र्यौटमा शिघ्रता कायम गर्नु,
- बेरुजु व्यवस्थापन प्रणालीमा रहेका विभिन्न शब्दावली, क्षेत्र, संरचना लगायतका विषयमा जानकारी गराउनु,
- विगत वर्षहरुमा बेरुजु प्रविष्टीमा देखिएको त्रुटि सुधार गर्नु।

## ४. कार्यक्रमका सहभागीहरु

भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका कार्यालयको कार्यालय प्रमुखहरु तथा लेखा प्रमुखहरु, विषयविज्ञ , प्रदेश नीति तथा योजना आयोगका प्रतिनिधि, बिभिन्न मन्त्रालयका प्रतिनिधि समेतको संलग्नतामा MDAC तथा बेरुजु फछ्र्यौट सम्बन्धी कार्यशाला गोष्ठी कार्यक्रमा सहभागीहरुको उपस्थिती यसै प्रतिवेदनको अनुसुची १ मा संलग्न छ।

## ५ . कार्यक्रम सञ्चालन विधि

- MDAC तथा बेरुजु फछ्र्यौट सम्बन्धी सैद्धान्तिक ज्ञान व्याख्यात्मक विधिवाट प्रदान गरिएको।
- मन्त्रालयस्तरीय बिकास समस्या समाधान सम्बन्धमा योजना कार्यान्वयनमा climate resilient development लाइ मध्यनजर गर्दौ उपयुक्त विधिको प्रयोग लाइ महत्व दिन अनुरोध गरिएको।

- कार्यक्रमको अन्तरालमा MDAC सम्बन्धी बैठक बसी निर्णय सम्पन्न गरीएको ।
- बेरुजु व्यवस्थापन प्रणालीमा विवरण प्रविष्टि तथा सम्परीक्षण सम्वन्धमा प्रयोगात्मक कक्षा संचालन गरिएको ।

## ६. कार्यक्रममा वितरण गरेको तालिम सामाग्रीहरुको विवरण

कार्यक्रम सहभागीहरुलाई स्पाईरलल डायरी, डटपेन लगायतका आवश्यक सामग्रीहरु वितरण गरिएको।

## ७. कार्यक्रम संचालनको विवरण

कार्यक्रम संचालन मितिः २०८२/०९/१३ र १४ गते

स्थानः- युनिक वाईल्ड रिसोर्ट, सौराहा

| | | |
|---|---|---|
| | | |
| MDAC तथा बेरुजु फछ्यौंट सम्बन्धी कार्यशाला गोष्ठी समय तालिका | | |
| **मिति : २०८२/०९/१३ (पहिलो दिन )** | | |
| **समय** | **सत्र** | **क्रियाकलाप** |
| बिहान ११:०० -११:१५ | | सहभागीको नाम दर्ता |
| ११:१५ -१२:३० | उद्घाटन समारोह | कार्यक्रमको सभापतित्व श्रीमान सचिव ज्यू |
| | | आसनग्रहण |
| | | राष्ट्रिय गान |
| | | प्रमुख अतिथि माननीय मन्त्रीज्यूबाट कार्यक्रमको समुद्घाटन |
| | | परिचय कार्यक्रम |
| | | कार्यक्रमको उद्देश्य र स्वागत मन्तव्य - श्री श्रीराम पूडासैनी |
| १२:३० - ३:३० | | MDAC सम्बन्धी छलफल |
| ३:३0-३:४५ | | माननीय मन्त्रीज्यू बाट निर्देशन सहित पहिलोसत्र समापन |
| ३:४५ -४:१० | | Hi tea BREAK |
| ४:10-४:५0 | | विषय विज्ञबाट बेरुजू व्यवस्थापन प्रणाली सम्बन्धी प्रशिक्षण |
| ४:५० - ४:१५ | प्रस्तुतिकरण | सम्पूर्ण कार्यालयहरुको बेरुजु विवरण संकलन |
| ४:४५ -५:०० | | पहिलो दिनको कार्यक्रम समापन |
| ६:०० -७:३० | | Dinner |
| **मिति : २०८२/०९/१४ (दोस्रो दिन)** | | |

| समय | सत्र | क्रियाकलाप |
|---|---|---|
| ८:०० -९:०० | | BREAKFAST |
| ९:०० -९:२० | प्रस्तुतीकरण | निर्देशकज्यु बाट मन्तव्य सहित कार्यक्रमको सुभारम्भ |
| ९:२० -११:४० | | यातायात पूर्वाधार निर्देशनालय र पूर्वाधार कार्यालयहरु र शहरी विकास तथा भवन कार्यालयहरुको प्रस्तुती |
| ११:४० -१२:२० | | बेरुजु फछ्यौंट विधि र प्रकृयाबारे छलफल तथा अनुभव आदान प्रदान |
| १२:२० -१२:४५ | | प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना र ग्रामीण सडक सञ्जाल सुधार |
| १२:४५ -1:00 | | TEA BREAK |
| १:00 -२:00 | | प्रस्तुती पछी सामुहिक छलफल तथा बेरुजु फछ्यौंट सम्बन्धी विज्ञद्वारा सहजीकरण |
| २:०० - २:२० | | श्रीमान सचिवज्यूबाट निर्देशन सहित कार्यक्रम समापन |
| २:२०-३:२० | | LUNCH BREAK |

## ८. MDAC तथा बेरुजु फछ्यौंट सम्बन्धी कार्यक्रमका श्रोत व्यक्ति तथा कार्यपत्र तयार गर्नेको विवरणः

MDAC तथा बेरुजु फछ्यौंट सम्बन्धमा स्रोत व्यक्तिहरुले प्रस्तुत गर्नुभएको कार्यपत्र यसै प्रतिवेदन साथ संलग्न छ।

## ९. कार्यक्रमबाट सिकाई

यस कार्यशाला गोष्ठीबाट सहभागी र कार्यालयहरुले निम्नानुसारका सिकाईहरु प्राप्त गर्नेछन:

- प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान सम्बन्धका विषयवस्तु तथा अवधारणाबारे ज्ञान हासिल गर्नेछन ।
- रुग्ण आयोजनाहरुको संचालन सार्वजनिक हानी नोक्सानी नहुनेगरी प्रचलित कानुन तथा विधि प्रकृयाद्वारा पून संचालन गर्ने पद्दतीको विकास भई आयोजना सम्पन्न हुनेछ ।
- बहुबर्षीय तथा स्रोत सहमति प्राप्त भएका योजनामा बजेट विनियोजन गर्दा दायित्व सिर्जना भएका आयोजनालाइ पहिलो प्राथमिकता प्रदान गर्नुपर्ने छ ।
- बेरुजु वर्गिकरण, बेरुजु फछ्यौंट तथा सम्परीक्षण सम्बन्धी विषयवस्तु तथा अवधारणाको समग्र ज्ञान हासिल गर्नेछन ।
- बेरुजु व्यवस्थापन प्रणालीमा बेरुजु प्रवीष्टी गरि प्रणाली संचालन सम्बन्धी जानकारी हासिल हुनेछ।

- बेरुजु फछ्र्योट तथा सम्परीक्षण सम्बन्धी कानूनी प्रकृयाबारे जानकारी प्राप्त हुनेछ ।

## १०. कार्यक्रमबाट अपेक्षित उपलब्धी

यस कार्यशाला गोष्ठीबाट सहभागीहरुले निम्नानुसारका उपलब्धीहरु प्राप्त गर्नेछन:

- प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान गर्दा वातावरण र विकास बीचको अन्त सम्बन्धलाई सम्बोधन गर्दै climate resilient development उन्मूख विकास हुने अपेक्षा गरिएको ।
- रुग्ण आयोजनाहरुको समस्या पहिचान गरी प्रचलीत कानून बमोजिम पून संचालनहुने अपेक्षा लीएको ।
- मन्त्रालयलाई आ.व. २०८२/८३ मा तोकीएको भौतिक र वित्तीय प्रगती हासिल गर्न आयोजना कार्यान्वयनको लागी सहभागीहरु प्रेरित भएका ।
- सहभागीहरुले बेरुजुको विषयमा सैदान्तिक, व्यवहारीक , कानूनी एवं बेरुजु व्यवस्थापन प्रणालीमा बेरुजु विवरण प्रविष्टी, सम्परीक्षणका लागी अनुरोध, बेरुजु फछ्र्योट तथा लगत कट्टा, शब्दावली, वर्गीकरण, लेखा नीति, व्याख्यात्मक नोट, सामान्य विचार, त्रुटिहरूको सुधार लगायतका विषय सम्बन्धमा व्यवहारिक जानकारी हासिल गरेका ।
- बेरुजु फछ्र्योटको महत्वलाई मध्यनजर गर्दै समयमानै सम्परीक्षण गर्न सहभागीहरु उत्साहित भएका ।
- बेरुजू फछ्र्योट कार्य गर्न सहजता उत्पन्न हूने अपेक्षा गर्न सक्ने अवस्था सिर्जना भएको ।
- समग्रमा भौतिक पूर्वाधार विकास मन्त्रालयको बेरुजु फछ्र्योट गरी लगत कट्टा कार्यलाई बेरुजु प्रणालीमा प्रविष्टी गराई एकीकृत वित्तीय प्रतिवेदन तयारी तथा प्रकाशन गर्न सहज भएको ।

## ११. सहभागिहरुबाट प्राप्त सुझाव

तालिम कार्यक्रम संचालनको क्रममा सहभागिहरुबाट प्राप्त हुन आएका सुझाव देहाय बमोजिम रहेका छन:-

- तालिम अवधि कम भएकोले तालिम अवधि बढाउनु पर्ने,
- तालिमलाई बढी व्यवहारिक तथा प्रयोगात्मक कक्षामा संचालन गर्नु पर्ने,
- आवधिक रुपमा तालिम संचालन गरी प्रणालीको वारेमा जानकारी गराइनु पर्ने।
- महालेखा परीक्षक कार्यालय र सार्वजनिक लेखा समितिका पदाधिकारी सहित छलफल गर्नु पर्ने ।

## १२. माननीय मन्त्री डा. दिनेशचन्द्र देवकोटाज्यू र श्रीमान सचिवज्यूको निर्देशन

भौतिक पूर्वाधार विकास मन्त्रालयको माननीय मन्त्रीज्यूले मन्त्रालयस्तरीय विकास समस्या समाधान गर्दा वातावरण र विकास बीचको अन्त सम्बन्धलाई सम्बोधन गर्दै climate resilient infrastructure

development उन्मूख विकास गर्न तथा environment adaptation विकासका लागी IEE (Initial Environmental Examination ) तथा EIA (Environmental Impact Assessment) केन्द्रित विकासमा जोड दिनुभएको।मर्मत कोषको long-term संचालनकालागी capacity enhancement program मा focus गर्नुभएको । बेरुजू फछ्यौंट कार्य कार्यालयका सम्पूर्ण कर्मचारीको जिम्मेवारी रहेको, team work मार्फत synergy effect हासिल गर्नुका साथै मन्त्रालयको विकास योजना तथा आयोजना निर्माण कार्यहरू समयमै प्रभावकारी र गुणस्तरीय तवरले संचालन भइ आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहिता कायम हुनुकासाथै सुदृढ विकास योजना कार्यान्वयन हुने । कार्यालयको नाममा रहेको बेरुजु फछ्यौंट गरी शुन्य बेरुजु बनाउन प्रयासरत कार्यालयप्रमुख र लेखाप्रमुखलाइ पुरस्कृत गरीने । बेरुजु फछ्यौंटलाइ कार्यसम्पादनको सुचकको रुपमा मुल्यांकन गरीने ।दण्ड र पुरस्कारलाइ अनुमानयोग्य बनाउने सार्गर्भित निर्देशन दिनुभयो ।

श्रीमान् सचिव ज्यूले मन्त्रालयअन्तर्गतका निकायहरूमा MDAC (Ministerial Development Action Committee) तथा बेरुजु फछ्र्यौटसम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न यो कार्यक्रम प्रभावकारी हुने धारणा ब्यक्त गर्नु भयो । उक्त कार्यक्रममार्फत विगतका बेरुजुहरू समयमै फछ्यौंट गर्ने, लेखा व्यवस्थापनलाई पारदर्शी र जिम्मेवार बनाउने तथा वित्तीय अनुशासन कायम गर्ने लक्ष्य लिइएको। सम्बन्धित महाशाखा तथा निकायहरूले आपसी समन्वयमा आवश्यक तथ्यांक संकलन, प्रगति समीक्षा तथा कार्ययोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुको साथै समग्र मन्त्रालयको कार्यसम्पादनमा सुधार ल्याउने अपेक्षा गर्नु भयो । बेरुजु फछ्यौंटमा कार्यालय प्रमुख र लेखा प्रमुखको महत्वपुर्ण जिम्वेवारी हुनेहुंदा सोमा दत्त चित्त भएर लाग्न निर्देशन दिदै मन्त्रालयले यस आ ब लाइ बेरुजु फछ्यौंट बर्षको रुपमा लिएकोले सोही अनुरुप कार्ययोजना साथ काम गर्न निर्देशन दिनुभयो। टिम वर्क टिम विल्डिङ्गका साथ एक आपसमा सह अस्तित्व भाइचाराको भावना लिइ काम गर्न अनुरोध गर्दै केहि बाधा व्याबधान आइपरे मन्त्रालय सदैब सहयोगकोलागी तयार रहेको बेहोरा जानकारी गराउनु भएको थियो ।

## १३. आगामी दिनमा गर्नुपर्ने सुधारहरुः

तालिम कार्यक्रम संचालनको क्रममा सहभागिहरुबाट प्राप्त सुझाव र छलफलमा देखिएको तथा कार्यक्रमको सिलसिलामा देखे भोगेका बिषयका आधारमा आगामी दिनहरुमा निम्न पक्षमा सुधार गर्नुपर्ने देखियो ।

- आगामी दिनमा संचालन हुने तालिममा तालिम अवधि बढाइनु पर्ने।
- तालिमलाई बढी व्यबहारिक तथा प्रयोगात्मक सेसनमा संचालन गरी थप प्रभावकारी बनाइनु पर्ने।
- आगामी दिनमा तालिम कार्यक्रमलाई नियमित रुपमा संचालन गर्नु पर्ने ।
- प्रणालीलाइ थप परिष्कृत र सुधारिएको बनाउनु पर्ने ।
- सरोकारवाला निकायहरुलाई समेत छलफलमा सहभागी गराउनुपर्ने ।

## १४. कार्यक्रम संचालनका केही झलकहरु (तस्विरहरु)

MDAC तथा बेरुजु फछ्र्यौंट सम्बन्धी कार्यशाला गोष्ठी कार्यक्रमका क्रममा लिइएका तस्विर यसै प्रतिवेदन साथ संलग्न गरिएको छ।

| | | |
|---|---|---|
| ......................... | ................................... | ............................. |
| प्रतिवेदन तयार गर्ने | सिफारिस गर्ने | स्वीकृत गर्न |


MDAC तथा बेरुजु फछ्यौट सम्बन्धी
कार्यशाला गोष्ठी-२०८२








MDAC तथा वेरुजु फछ्र्योट सम्बन्धी
कार्यशाला गोष्ठी-२०८२


Unique Wild Resort
Unique Wild Resort
Chitwan National Park, Sauraha
Contact: 9855012115, 9855082495
Web: www.sales@uniquewildresort.com